सर्केगाड गाउँपालिकाको स्थानीय सञ्चित कोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको

# विनियोजन ऐन, २०७८

**गाउँसभाबाट स्वीकृत मितिः २०७८/०३/१०**

सर्केगाड गाउँपालिका

## सर्केगाड गाउँपालिका

**सर्केगाड, हुम्ला**

**कर्णाली प्रदेश, नेपाल**

**गाउँपालिकाको आर्थिक वर्ष ०७८/०७९ को सेवा प्रवाह र विकास निर्माण कार्यहरुको सञ्चालनको लागि स्थानीय सञ्चित कोषबाट केहि रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,**

**प्रस्तावनाः**
सर्केगाड गाउँपालिकाको आर्थिक वर्ष ०७८/०७९ को सेवा प्रवाह र विकास निर्माण कार्यहरुको सञ्चालनका लागि सञ्चित कोषबाट केहि रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनिय भएकोले, नेपालको संविधानको धारा २२९ को (२) बमोजिम सर्केगाड गाउँपालिकाको पाँचौं गाउँसभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम “सर्केगाड गाउँपालिकाको विनियोजन ऐन, २०७८” रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. आर्थिक वर्ष २०७८/०७९ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः (१)** आर्थिक वर्ष ०७८/०७९ को निमित्त गाउँपालिका, वडा समिति,विषयगत शाखाले गर्ने सेवा प्रवाह र विकास निर्माण कार्यहरुका निमित्त अनुसूचि १ मा उल्लेखित चालु तथा प्रशासनिक खर्च, पूजिगत तथा विकास निर्माण तर्फको खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ३९६२२४.९४६ अक्षेरुपी रु उनान्चालिस करोड बैसठ्ठी लाख चौबीस हजार नौ सय छयालिस रुपैया मात्र मा नबढाइ निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ।

**३. विनियोजनः** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्ने अधिकार दिइएको रकम आर्थिक वर्ष ०७८/०७९ को निमित्त सर्केगाड गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति, र विषयगत शाखाले गर्ने सेवा प्रवाह र कार्यहरुको निमित्त विनियोजन गरिने छ।

(२) उपदफा १ मा जुनसूकै कुरा लेखिएको भए तापनि गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा प्रवाह र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने अवस्था आएमा गाउँ कार्यपालिकाले बचत हुने शिर्षकबाट अपुग हुन गएको शिर्षकमा संघिय कानून तथा प्रदेश कानून बमोजिम रकमान्तर गर्न सक्नेछ। यसरी रकमान्तर गर्दा एक शिर्षकबाट सो शीर्षकको १० प्रतिशतमा नबढ्ने गरी कुनं एक वा एकभन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम रकमान्तर गर्न तथा निकासा र खर्च देखाउन सकिनेछ। पूजिगत खर्च र वित्तिय व्यवस्थातर्फ विनियोजित रकम साँवा भूक्तानी र ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालु शिर्षकमा सार्न र वित्तिय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भूक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पूजिगत खर्च र वित्तिय व्यवस्थाको खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम रकमान्तर गर्न सकिने छ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम रकमान्तर गर्नु परेमा गाउँ कार्यपालिकाबाट स्विकृत गराइ गाउँसभाबाट अनुमोदन गराउनु पर्नेछ। गाउँसभाले उक्त रकमान्तर सम्बन्धी निर्णय अनुमोदन नगरेमा खर्चको दायित्व सम्बन्धित साविककै खर्च शिर्षकमा रहनेछ।

अनुसूचि १

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

## सञ्चित कोषबाट विनियोजन हुने रकम

**रु. हजारमा**

| क्र.सं. | अनुदान | शीर्षकको नाम | चालु तथा प्रशासनिक खर्च | पूजिगत तथा विकास तर्फको खर्च | वित्तिय व्यवस्था | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ |
| १ | | गाउँ कार्यपालिका | ४९६०१ | ८५६२३.९४६ | ० | १३५२२४.९४६ | |
| २ | | वडा समिति | ५६०० | १२००० | ० | १७६०० | |
| ३ | | | | | | | |
| ४ | ऋणको सावा/ब्याज भूक्तानी | | | | | | |
| ५ | लगानी(शेयर/ऋण) | | | | | | |
| ६ | सशर्त बजेट | | | | | | |
| | **जम्मा** | | ५५२०१ | ९७६२३.९४६ | | १५२८२४.९४६ | |

सर्केगाड गाउँपालिका

**सर्केगाड गाउँपालिका**

**गाउँपालिकास्तरीय बजेट**

**पूजिगत तर्फ रु. हजारमा**

| क्र.सं. | विषयक्षेत्र | योजना/आयोजना | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | सामाजिक विकास(स्वास्थ्य) | स्वास्थ्य ईकाइ कर्मचारी पारीश्रमिक | ३१४६ | |
| | सामाजिक विकास (शिक्षा) | विद्यालय अनुदान (पारिश्रमिक) नयाँ थप | ७६५० | |
| २ | सामाजिक विकास(शिक्षा) | विद्यायल अनुदान(पुरानो) | ३६१९ | |
| ३ | पूर्वाधार विकास(सडक) | गत सालको भुक्तानी दिन बाँकी(भदाली देखि कुति हुँदै भुवा कल्लाससम्म ग्रामिण सडक) | ६५०० | |
| ४ | पूर्वाधार विकास(सिचाई) | गत सालको भुक्तानी दिन बाँकी( गुम्वाखोला सिचाइ राहदेव) | ६५०० | |
| ५ | सुशासन तथा संस्थागत विकास () | फर्निचर तथा फिक्चर्श | १००० | |
| ६ | सुशासन तथा संस्थागत विकास () | मेसीनरी औजार खरिद | १००० | |
| ७ | वन वातावरण तथा विपत व्यवस्थापन | जलवायु परिवर्तन सम्वन्धी गोष्ठी | २०० | |
| ८ | | सामुदायिक वन व्यवस्थापन गोष्ठी | २०० | |
| ९ | आर्थिक विकास (कृषि) | गत सालको भुक्तानी दिन बाँकी( शिप्क शितगृह निर्माण) | ४००० | |
| १० | सामाजिक विकास (शिक्षा) | गाउँपालिका स्तरिय पुस्तकालिय स्थापना | ५०० | |
| ११ | सामाजिक विकास (स्वास्थ्य) | कोरोना कोष | ५००० | |
| १२ | सामाजिक विकास (शिक्षा) | शिक्षा शाखा कार्यक्रम संचालन | ५०० | |
| १३ | सामाजिक विकास (स्वास्थ्य) | स्वास्थ्य शाखा कार्यक्रम संचालन | १००० | |
| १४ | सामाजिक विकास | महिला विकास कार्यक्रम संचालन | २०० | |
| १५ | सामाजिक विकास (स्वास्थ्य) | आयूर्वेद | ५०० | |
| १६ | आर्थिक विकास (कृषि) | कृषि कार्यक्रम | १००० | |
| १७ | आर्थिक विकास | पशु विकास कार्यक्रम | ५०० | |
| १८ | पूर्वाधार विकास | पूँजिगत अनुसन्धान तथा परामर्श सेवा | १००० | |
| १९ | पूर्वाधार विकास (सडक) | हिमज्योति मा. वि. देखी मसानघट सम्म बाटो तथा मसानघाट निमार्ण | ५०० | |
| २० | सामाजिक विकास खानेपानी तथा सरसफाई | खानेपानि मर्मत कोष | ५०० | |
| २१ | पूर्वाधार विकास | जलविद्युत मर्मत सम्भार | ५०० | |
| २२ | | मिलन कोष | २६५०८.९४६ | |

| | | | | |
|---|---|---|---|---|
| २३ | सामाजिक विकास | नागरिक संग गा. पा. अध्यक्ष कार्यक्रम | २५०० | |
| २४ | सामाजिक विकास | नागरिक संग उपाध्यक्ष कार्यक्रम | २००० | |
| २५ | पूर्वाधार विकास | गत वर्षको भूक्तानी दिन बाँकी(पूँजिगत) | ९१०० | |
| २६ | | | | |
| **जम्मा** | | | **८५६२३.९४६** | |
| **वडातर्फ पूजिगत खर्च** | | रु. हजारमा | | |
| १ | एकमुष्ठ | प्रत्येक वडा(रु. १५,००,०००) का दरले | १२,०००।- | |
| | | जम्मा | १२,०००।- | |

सर्केगाडगाउँपालिका

**सर्केगाड गाउँपालिका**
**चालु खर्चतर्फ/प्रशासनिक खर्च**

**रु. हजारमा**

| क्र.सं. | विवरण | खर्च शिर्षक नं. | विनियोजित बजेट |
|---|---|---|---|
| १ | कर्मचारी तलब | २११११ | ८०५६ |

| | | | |
|---|---|---|---|
| २ | पदाधिकारी पारीश्रमिक | २११११२ | ५४७८ |
| ३ | पोशाक | २११२१ | १६५० |
| ४ | स्थानीय भत्ता | २११३१ | २८०० |
| ५ | महङ्गी भत्ता | २११३२ | ६५० |
| ६ | फिल्ड भत्ता | २११३३ | १००० |
| ७ | कर्मचारी बैठक भत्ता | २११३४ | २०० |
| ८ | पदाधिकारी बैठक भत्ता | २११४१ | १००० |
| ९ | पानी बिजुली | २११४२ | ३०० |
| १० | सञ्चार महशुल | २२१११ | १००० |
| ११ | सवारी साधन खरिद | २२११२ | ० |
| १२ | सवारी साधन मर्मत | २२२१५ | १५० |
| १३ | सवारी साधन इन्धन | २२२१२ | २५० |
| १४ | सवारी साधन नविकरण | २२२१६ | ५० |
| १५ | मेसिनरी औजार मर्मत | २२२२१ | ३०० |
| १६ | मसलन्द तथा कार्यालय सामान | २२३११ | १८०० |
| १७ | पत्रपत्रिका छपाई | २२३१५ | १००० |
| १८ | सेवा परामर्श | २२४११ | ३०० |
| १९ | सूचना प्रणाली सफ्टवेयर सञ्चालन | २२४१२ | १००० |
| २० | करार सेवा सुविधा | २२४१३ | १२४६७ |
| २१ | कर्मचारी तालिम | २२५११ | २०० |
| २२ | अनुगमन खर्च | २२६११ | १००० |
| २३ | भ्रमण खर्च | २२६१२ | १६५० |
| २४ | विविध | २२७११ | १५०० |
| २५ | घरभाडा | २८१४२ | १५०० |
| २६ | अन्य भाडा | २८१४९ | २०० |
| २७ | सभा सञ्चालन | २२७२१ | ५०० |
| २८ | विपन्न नागरिक कोष | | ५०० |
| २९ | उद्दार राहत तथा पुनर्स्थापना | | ५०० |
| ३० | लक्षित वर्ग | | ५०० |
| ३१ | युवा जागरण तथा खेलकुद | | ५०० |
| ३२ | तलछडी जलविद्युत चौकिदार तथा अपरेटर पारीश्रमिक | | ६०० |
| ३३ | गत वर्षको भुक्तानी दिन बाँकी चालु खर्च | | १००० |
| | **जम्मा** | | **४९६०१** |
| ३४ | वडा तर्फको चालु पदाधिकारी बैठक भत्ता | | २४०० |
| ३५ | वडा कार्यालय सञ्चालन खर्च | | ३२०० |
| | **जम्मा** | | **५६००** |

# आ.व. ०७८/०७९ को प्रस्तावित आय व्यय विवरण

**रु. हजारमा**

| आयतर्फ | | | व्ययतर्फ | | | कैफियत |
|---|---|---|---|---|---|---|
| क्र.सं. | बजेटको श्रोत | विनियोजित रकम | क्र.सं. | विनियोजित शिर्षक | विनियोजित रकम | |
| १ | संघीय सशर्त अनुदान | २२३१०० | १ | सशर्त कार्यक्रम खर्च | २२३१०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | संघीय वित्तिय समानीकरण अनुदान | ८२७०० | २ | समपूरक आयोजना कार्यान्वियन | ४२०० | |
| ३ | संघीय समपूरक अनुदान | ४२०० | ३ | पूर्वनिर्धारित कार्यक्रम(विशेष अनुदान अन्तर्गतका) कार्यान्यिन | १६१०० | |
| ४ | संघीय राजश्व बाँडफाँड | ६०७४४ | ४ | चालु खर्च (प्रशासनिक) | ५५२०१ | |
| ५ | संघीय विशेष अनुदान | १६१०० | ५ | पूजिगत तर्फ | ९७६२३.९४६ | |
| ६ | प्रदेश सशर्त अनुदान | - | ६ | वित्तिय व्यवस्थातर्फ | ० | |
| ७ | प्रदेश वित्तिय समानीकरण अनुदान | ८४३९ | | | | |
| ८ | प्रदेश समपूरक अनुदान | - | | | | |
| ९ | प्रदेश राजश्व बाँडफाँड | ४४१.९४६ | | | | |
| १० | प्रदेश विशेष अनुदान | - | | | | |
| ११ | आन्तरिक राजश्व | ५०० | | | | |
| १२ | अल्या | | | | | |
| **जम्मा** | | **३९६२२४.९४६** | | **जम्मा** | **३९६२२४.९४६** | |

सल्र्केगाडगाउँपालिका